जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक ३३३ • २०८३ असोज ५ गते सोमवार • 21 Sep. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## सामाजिक, आर्थिक तथा वातावरणीय पक्षलाई समान रूपमा प्राथमिकता दिनुपर्छः यादव



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ४ असोज**

मधेश प्रदेशका सभामुख रामाशिष यादवले बजेट विनियोजन र विकास आयोजना सञ्चालन गर्दा सामाजिक, आर्थिक तथा वातावरणीय पक्षलाई समान रूपमा प्राथमिकता दिनुपर्ने बताएका छन् ।

जनकपुरधाममा आयोजित 'मधेश प्रदेश वित्तीय संवाद २०८३/८४' कार्यक्रममा बोल्दै सभामुख यादवले वातावरणीय पक्षलाई बेवास्ता गरी विकास योजना सञ्चालन गर्दा त्यसले सामाजिक तथा आर्थिक क्षेत्रमा समेत नकारात्मक प्रभाव पार्न सक्ने बताए ।

उनले हालैको भोटेकोशी बाढीले विपद्का बेला वातावरणीय पक्षलाई बेवास्ता गर्दा ठूलो क्षति व्यहोर्नुपर्ने अवस्था देखाएको उल्लेख गर्दै विकास निर्माणका योजना वातावरणमैत्री हुनुपर्नेमा जोड दिए । सभामुख यादवका अनुसार प्रदेश तथा स्थानीय तहमा संघीय बजेटको सीमित हिस्सा मात्र आउने गरेको छ । त्यही स्रोतबाट नागरिकका आधारभूत आवश्यकतासँग सम्बन्धित साना तथा मझौला विकास आयोजना सञ्चालन हुँदै आएका छन् ।

उनले प्रदेशमा विनियोजन हुने विकास बजेटको खर्चसमेत अपेक्षाकृत न्यून रहेको उल्लेख गर्दै विकासको गति बढाउन प्रदेशका लागि बजेट विनियोजन थप न्यायोचित र प्रभावकारी बनाउनुपर्ने धारणा राखे । कार्यक्रममा मधेश प्रदेश नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष डा. सोहन साहले विकास योजनाको प्रभाव बढाउन एक योजनामा कम्तीमा एक करोड रुपैयाँभन्दा कम विकास बजेट विनियोजन गर्न नहुने बताए ।

कार्यक्रममा नीति तथा योजना आयोगका सदस्य नवल यादव, एक्सन एडका प्रतिनिधि देवेन्द्र प्रसाद सिंह तथा रतौली युवा क्लबका कार्यकारी निर्देशक वैद्यनाथ चौधरीलगायतले बजेट विनियोजनमा सामाजिक न्यायलाई प्राथमिकता दिनुपर्ने र सार्वजनिक खर्चमा वित्तीय अनुशासन कायम गर्नुपर्नेमा जोड दिए । कार्यक्रम रतौली युवा क्लबका अध्यक्ष मोहम्मद समीर खानको अध्यक्षतामा सम्पन्न भएको थियो ।




## कर्मचारी व्यवस्थापन सम्बन्धी महत्वपूर्ण निर्णय

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ४ असोज**



मधेश प्रदेश सरकारले स्वास्थ्य सेवा, प्रदेश सरकारका सचिवालय तथा स्थानीय तहमा कार्यरत कर्मचारी व्यवस्थापन सम्बन्धी तीन महत्वपूर्ण निर्णय गरेको छ। प्रदेश सरकारको बसेको मन्त्रिपरिषद् बैठकले स्वास्थ्य सेवाको निरन्तरता कायम राख्न आवश्यक जनशक्ति व्यवस्थापनका लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय गरेको हो ।

सरकारका प्रवक्ता तथा अर्थमन्त्री युवराज भट्टराईका अनुसार स्वास्थ्य सेवा अत्यावश्यक तथा संवेदनशील भएकाले मन्त्रालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण टुङ्गो नलागेसम्म स्वास्थ्य मन्त्रालयको प्रस्तावअनुसार अस्थायी दरबन्दी कायम गरिनेछ। त्यस्तै, मुख्यमन्त्री तथा मन्त्रीहरू र प्रदेशसभा पदाधिकारी तथा सदस्यहरूको निजी तथा स्वकीय सचिवालयको संगठनात्मक संरचना र कर्मचारी सङ्ख्या पुनरावलोकनसम्बन्धी अध्ययन प्रतिवेदन, २०८३ स्वीकृत गरिएको छ। प्रतिवेदनमा दिइएका सुझाव तथा सिफारिसलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी कार्यान्वयन गर्ने निर्णय समेत भएको छ।

यसबाट सचिवालयको जनशक्ति कार्यबोझ, आवश्यकता र जिम्मेवारीका आधारमा व्यवस्थापन गर्दै सार्वजनिक स्रोतको मितव्ययी र प्रभावकारी उपयोग गर्ने सरकारको उद्देश्य रहेको जनाएको छ। यस्तै, स्थानीय तहमा कार्यरत कर्मचारीको वृत्ति विकास, सेवा, सर्त तथा सुविधालाई व्यवस्थित र पूर्वानुमानयोग्य बनाउन स्थानीय तह (गठन तथा सञ्चालन) सम्बन्धी ऐन, २०८१ संशोधनको विधेयक मस्यौदा प्रदेशसभाको आगामी अधिवेशनमा पेश गर्ने निर्णय गरिएको छ।

सरकारका अनुसार स्थानीय तहको सेवा प्रवाह प्रभावकारी बनाउँदै कर्मचारीको स्थायित्व, वृत्ति विकास र व्यवस्थापनमा देखिएका कानुनी तथा व्यवहारिक समस्या समाधानका लागि विद्यमान कानुनी व्यवस्थामा आवश्यक सुधार गर्न लागिएको हो।

**पर्यटन प्रवर्द्धन गरौं**

- नेपालको प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण गरौं,
- कला, संस्कृति, भेषभुषा, भाषा, परम्पराको संरक्षण एवं प्रवर्द्धन गरौं,
- स्थानीय उत्पादन, हस्तकला तथा मौलिक खानाको प्रवर्द्धन गरौं,
- पर्यटकीय क्षेत्रको स्वच्छता र सौन्दर्यता कायम राखौं,
- पर्यटकप्रति सभ्य, सहयोगी र आतिथ्यपूर्ण व्यवहार गरौं,
- पर्यटन प्रवर्द्धन गरी स्थानीय समुदायको आर्थिक समृद्धिमा योगदान पुऱ्याऔं,
- सुरक्षित र दिगो पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक समृद्धिका लागि जिम्मेवार बनौं।

**पर्यटक हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय...................

# दिगो नेपालको निर्माणको जरुरी

भर्खरै आएको विपतिको विकल्पमा दिगो नेपाल निर्माणमा ध्यान दिनु पर्दछ । रसुवाको विपत्ति दुःखद् घटना रहेको छ । यसबाट भएको मानवीय क्षतिको पूर्ति सम्भव छैन । गुमाएका आफन्त फर्काउन सकिँदैन तर आगामी पुस्तालाई सुरक्षित बनाउन सकिन्छ । त्यसैले पुनर्निर्माणलाई केवल सरकारी परियोजनाको रूपमा होइन, राष्ट्रिय अभियानका रूपमा लिनुपर्ने देखिन्छ । २०७२ को भूकम्पले नेपाललाई विशेष पुनर्निर्माण गर्ने सक्षम संस्थाको आवश्यकता र महत्व सिकायो । इन्डोनेसियाको आचेले समुदायको सहभागिताको महत्व देखायो । जापानले विपत्तिपछि अझ सुरक्षित र लचिलो संरचना निर्माण गर्ने 'बिल्ड ब्याक बेटर'को बाटो देखायो । फिलिपिन्सले भौतिक संरचनासँगै स्थानीय अर्थतन्त्र र समुदायलाई पुनर्जीवित गर्नुपर्ने पाठ सिकाएको देखिन्छ । अब नेपालले यी अनुभवलाई आफ्नो भूगोल, आवश्यकता र आर्थिक क्षमताअनुसार प्रयोग गर्नुपर्छ । राहतले मानिसलाई तत्काल संकटबाट बाहिर निकाल्छन । पुनःस्थापनाले जीवनलाई सामान्य अवस्थामा फर्काउँछ तर दिगो पुनर्निर्माणले भविष्य सुरक्षित गर्छ । त्यसैले अहिले उद्धार र राहत पहिलो प्राथमिकता छ । त्यसपछि पुनःस्थापना र पुनर्निर्माण, तर पुनर्निर्माणको लक्ष्य भत्किएको संरचना फेरि उभ्याउनु मात्र हुनुहुँदैन । हामीले त्यस्तो नेपाल बनाउनुपर्छ, जहाँ विपत्ति आउँदा क्षति कम होस्, संरचना बलियो होस्, समुदायले समयमा नै जानकारी प्राप्त गर्न सकोस् र राज्यसँग तत्काल प्रतिक्रिया दिने क्षमता होस् । रसुवाको विपत्तिले दिएको सबैभन्दा ठूलो पाठ यही हुनुपर्ने देखिन्छ । हामी पुरानो नेपाल पुनर्निर्माण मात्र नगरौं; अझ सुरक्षित, सक्षम र दिगो नेपालको निर्माण गर्नु पर्ने देखिन्छ । यसबाट नै पिडीतले संतुष्टि पाउने ठोस आधार हुने देखिन्छ ।

# छात्रावासबाट भागेको आरोपमा ११ वर्षीय विद्यार्थीमाथि कुटपिट

**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, ४ असोज**




सिरहाको लहानस्थित एक निजी विद्यालयमा छात्रावासबाट भागेको आरोपमा ११ वर्षीय विद्यार्थीमाथि कुटपिट गरिएको घटना सार्वजनिक भएको छ ।

लहान-४ स्थित इन्द्रेणी स्कुलमा अध्ययनरत ती विद्यार्थीलाई छात्रावासबाट पटकपटक भागेको भन्दै विद्यालयका शिक्षकले कुटपिट गरेको परिवारले जनाएको छ । विद्यार्थी सप्तरीको बलानबिहुल गाउँपालिका-४ का हुन् । विद्यालयका संस्थापक देवेन्द्र साहले विद्यार्थी यसअघि पनि छात्रावासबाट भाग्ने गरेको र पछिल्लो पटक प्रहरीले फेला पारेपछि विद्यालयमा ल्याइएको बताए । त्यसपछि विद्यार्थीलाई सामान्य रूपमा तर्साउन एक-दुई लट्ठीले कुटेको उनले स्वीकार गरेका छन् । तर, विद्यार्थीका अभिभावकले भने बालकमाथि निर्घात कुटपिट गर्नुका साथै बाँधेर राखिएको आरोप लगाएका छन् । विद्यार्थीले आफूलाई बाँधेर घोप्टो पारेर फलामे छड र प्लास्टिकको पाइपले कुटिएको बताएका छन् । घटनापछि परिवारले बालकलाई घरमा लगेर उपचार गराइरहेको छ । यस घटनापछि सिरहाका निजी विद्यालयमा अनुशासनका नाममा विद्यार्थीमाथि हुने कुटपिट तथा यातनाको विषय फेरि चर्चामा आएको छ ।

अधिकारकर्मीहरूले विद्यालयमा बालबालिकामाथि हुने शारीरिक तथा मानसिक हिंसा रोक्न प्रभावकारी निगरानी र कारबाही आवश्यक रहेको बताएका छन् । अधिकारकर्मीहरूका अनुसार यस्ता घटना कतिपय अवस्थामा विद्यालय, अभिभावक र अन्य पक्षबीच आर्थिक लेनदेन वा आपसी सहमतिमा मिलाउने प्रयास हुने गरेका छन् ।

# क्षिरेश्वरनाथ नगरपालिका-२ का २४२ परिवारले पाए जग्गाधनी प्रमाणपुर्जा

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ४ असोज**



नापजाँच सम्पन्न भएको नौ वर्षपछि धनुषाको क्षिरेश्वरनाथ नगरपालिका-२ का २४२ परिवारले जग्गाधनी प्रमाणपुर्जा पाएका छन्। संविधान दिवस तथा राष्ट्रिय दिवसका अवसरमा शनिबार उनीहरूलाई पुर्जा वितरण गरिएको हो ।

साविक रमदैयाँ भवाडी गाउँपालिकाका वडा नं. १, ५ र ९ मा स्ववासीका रूपमा बसोबास गर्दै आएका परिवारको जग्गा नापजाँच २०७४ सालमै सम्पन्न भएको थियो । नापजाँच सकिए पनि कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा हुन नसक्दा उनीहरू पुर्जाविहीन अवस्थामा थिए ।

लामो समयदेखि रोकिएको प्रक्रिया पूरा भएपछि धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले २४२ परिवारलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गर्नुभयो । पुर्जा पाएपछि पुस्तौँदेखि स्ववासीका रूपमा बसोबास गर्दै आएका परिवारको जग्गामाथिको कानुनी स्वामित्व स्थापित भएको छ ।

पुर्जा नहुँदा जग्गा कारोबार, बैंक तथा वित्तीय संस्थाबाट ऋण लिन तथा भूमिसम्बन्धी कानुनी प्रक्रिया अघि बढाउन समस्या हुँदै आएको स्थानीयको भनाइ छ । नापी कार्यालय धनुषाका अनुसार जग्गाधनी प्रमाणपुर्जा प्राप्त भएपछि सम्बन्धित जग्गाको कानुनी कारोबार तथा बैंकिङ प्रयोजनमा प्रयोग गर्न सहज हुनेछ । साथै, जग्गासम्बन्धी विवाद निरूपणमा समेत पुर्जाले आधार प्रदान गर्नेछ । कार्यालयका अनुसार धनुषामा विभिन्न स्थानका चार हजार ३५४ परिवारलाई यसअघि नै जग्गाधनी प्रमाणपुर्जा वितरण भइसकेको छ । लामो समयदेखि नापजाँच सम्पन्न भएर पनि दर्ता तथा पुर्जा वितरण हुन बाँकी रहेका स्ववासी परिवारलाई कानुनी प्रक्रिया पूरा गरी पुर्जा वितरण गर्ने कामलाई निरन्तरता दिइएको कार्यालयले जनाएको छ ।

## जनहितमा जारी सन्देश

(१) सबै पालिकाबासीले आफ्नो टोल, चौक, गल्ली, बाटोघाटोको सबै सार्वजनिक जग्गा, मठमन्दिर, पाटी पौवा, नदीनालाहरु र अन्य सार्वजनिक स्थलहरुको संरक्षण गरौं ।
(२) पालिकालाई बुझाउनुपर्ने करहरु (सम्पति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसाय कर लगायतका अन्य किसिमका कर तथा दस्तुरहरु) समयमै तिरौं ।
(३) पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीहरुले अनिवार्य रुपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा अनिवार्य रुपमा दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।
(४) व्यक्तिगत घटनाहरु (जन्म, विवाह, वसाइसराई, सम्वन्ध विच्छेद र मृत्यू) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य रुपले दर्ता गरौं ।
(५) पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।
(६) सभ्य र समृद्ध पालिका निर्माणमा सबेले हातेमालो गरेर अघि बढौं ।

अनुरोधकर्ता
पिपरा गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

## तपाईको टुडे

मेषः मनमा पछुतो आउने
वृषः लामो यात्राको योग छ
मिथूनः पिछडेको साथी मिल्ने
कर्कटः विचार गरेर बोल्नुहोला
सिंहः खानपानमा समस्या आउने
कन्याः अनावश्यक चिन्ता
तुलाः आम्दानी हुने
वृश्चिकः शुभ कार्यको शुरुवात
धनुः अशुभ समाचार प्राप्त हुने
मकरः मित्रतामा फाटो आउने
कूम्भः अनावश्यक खर्चको संभावना
मीनः पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज,
जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# ट्रम्प रिसाएपछि सीएनएन र एमएस नाउलाई ह्वाइट हाउस परिसरमा प्रवेश निषेध



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ४ असोज**

अमेरिकी समाचार माध्यम सीएनएन र एमएस नाउले उनीहरूलाई शनिबार ह्वाइट हाउस परिसरमा प्रवेश निषेध गरिएको बताएका छन् । यसअघि राष्ट्रपति डोनाल्ड ट्रम्पले उनीहरूलाई 'झूटा समाचार' रिपोर्ट गरेको आरोपमा प्रतिबन्ध लगाउने घोषणा गरेका थिए ।

दुवै सञ्चारमाध्यमले यस कदमलाई अमेरिकी संविधानको उल्लङ्घन भन्दै निन्दा गरेका छन् र अमेरिकी सरकारबारे रिपोर्टिङ जारी राख्ने प्रतिबद्धता जनाएका छन् । दुवैले राष्ट्रपतीय निवासमा पहुँच पुनः प्राप्त गर्न अदालत जाने अपेक्षा गरिएको छ । "ह्वाइट हाउस अमेरिकी जनताको हो र त्यहाँ भित्र गरिने निर्णयहरू हाम्रो करको पैसाले वित्तपोषित हुन्छन्," पहिले एमएसएनबीसीका रूपमा चिनिने एमएस नाउले एक्समा लेखेको छ । सीएनएनले आफ्नो विज्ञप्तिमा भनेको छ, "हामीसँग अमेरिकी संविधान अन्तर्गत सरकारबाट कुनै बाधा वा हस्तक्षेप बिना रिपोर्टिङ गर्ने अधिकार छ र यो प्रतिबन्ध यस मौलिक अधिकारमाथि गैरकानुनी हमला हो ।" यसअघि अमेरिकी सञ्चारमाध्यम पोलिटिकोलाई पनि प्रतिबन्ध लगाइएको थियो तर त्यसबाट तत्काल कुनै प्रतिक्रिया आएको छैन । टिप्पणीका लागि सम्पर्क गर्दा ह्वाइट हाउस स्रोतले एएफपीलाई राष्ट्रपति डोनाल्ड ट्रम्पले शुक्रबार प्रतिबन्ध घोषणा गर्दा दिएका टिप्पणीतिर सङ्केत गऱ्यो । मुख्यधारका मिडियासँग लामो समयदेखि तनावपूर्ण सम्बन्ध रहेका ८० वर्षीय रिपब्लिकन पार्टीबाट राष्ट्रपति निर्वाचित नेता ट्रम्पले अन्य सञ्चारमाध्यमहरू पनि त्यस्तै अवस्थामा पर्न सक्ने चेतावनी दिए तर कुन-कुन हुन् भनेर बताएनन् । "म तत्काल प्रभावकारी हुने गरी गर्वका साथ घोषणा गर्छु, नक्कली समाचार सीएनएन, एमएस नाउ र पोलिटिकोलाई ह्वाइट हाउसबाट प्रतिबन्ध लगाउँदै छु । किनकि उनीहरूले लगातार 'नक्कली समाचार' रिपोर्ट गरिरहेका छन्," राष्ट्रपति ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा लेखेका छन् । उनले यस कदमको कारण के हो भनेर बताएका छैनन् तर अगाडि भन्छन्, "मिडियाहरूले संयुक्त राज्य अमेरिकाका राष्ट्रपतिबारे रिपोर्ट गर्दा लगातार काल्पनिक कथा र झूट लेख्न वा रिपोर्ट गर्न पाउनु हुँदैन ।"

# 'हनुमान अंश' ले भारतमै कमायो ३०० करोड, विश्वभरको आम्दानी कति ?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ४ असोज**



फिल्म 'हनुमान अंश'ले बक्स अफिसमा ऐतिहासिक सफलता हासिल गर्दै भारतमै ३०० करोड रुपैयाँ भन्दा बढीको व्यापार गर्न सफल भएको छ ।

फिल्मले प्रदर्शनको ४४औं दिन (शनिबार) ९.७५ करोड रुपैयाँको नेट कलेक्सन गरेसँगै भारतमा यसको कुल ग्रस कलेक्सन ३०४.८० करोड रुपैयाँ पुगेको छ । विश्वव्यापी (वर्ल्ड वाइड) कुल कमाइ ३२९.३० करोड रुपैयाँ पुगेको छ । सन्त नीम करोली बाबाको जीवनबाट प्रेरित फिल्मले हलहरूमा सातौँ हप्तासम्म पनि आफ्नो दबदबा कायम राखेको छ । फिल्मलाई ४२ वर्षीय विशाल चतुर्वेदीले निर्देशन गरेका हुन् । डाक्टरबाट निर्देशक बनेका विशालको यो दोस्रो फिल्म हो । यसअघि उनले सन् २०१२ मा 'वार्निङ' नामक फिल्म निर्देशन गरेका थिए । उनले विभिन्न टिभी शृङ्खला र फिल्ममा संवाद लेखकका रूपमा समेत काम गरिसकेका छन् । फिल्ममा नीम करोली बाबाको मुख्य भूमिका अभिनेता शोभिनव सत्याले निभाएका छन् ।

पुणेस्थित एफटीआईआईबाट अभिनय सिकेका सत्याले यसअघि सहायक निर्देशक, स्क्रिप्टमा काम गरिसकेका छन् । सत्याले 'महापौर', चर्चित टेलिभिजन सिरिज 'सीआईडी', 'रागिनी एमएमएस' र 'ह्याप्पिली एवर आफ्टर' जस्ता प्रोजेक्टहरूमा अभिनय तथा प्राविधिक भूमिका निर्वाह गरिसकेका छन् ।

# मेची-महाकाली पदयात्रा सुरु गर्ने सिंहको घोषणा

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ४ असोज**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद अमरेश सिंहले छठ पर्वपछि जनकपुरधामबाट मेची-महाकाली पदयात्रा सुरु गर्ने घोषणा गरेका छन् । आइतबार जनकपुरधाममा सञ्चारकर्मीसँगको भेटघाटमा सिंहले छठको पारनका दिन गंगासागरमा अर्घ्य दिएपछि पदयात्रा सुरु गर्ने जानकारी दिएका हुन् । उनका अनुसार पदयात्राको उद्देश्य जनतासँग प्रत्यक्ष संवाद गर्दै उनीहरूका समस्या, आवश्यकता र अपेक्षा बुझ्नु तथा समाजलाई जोड्नु हो । पदयात्राका क्रममा आफूले कम बोल्ने र जनताको कुरा बढी सुन्ने उनले बताए ।

सिंहले दैनिक करिब पाँच घण्टा हिँड्ने र सात घण्टा जनतासँग संवाद गर्ने योजना रहेको जानकारी दिए । जनकपुरधामबाट गाग्रोमा माटो र पानी लिएर सुरु हुने पदयात्रा माघे सङ्क्रान्तिका दिन महाकाली नदीमा जौ र तिल विसर्जन गर्दै समापन गर्ने उनको भनाइ छ । मधेशका प्रमुख आवश्यकता शिक्षा, स्वास्थ्य, सडक, सिँचाइ, सुरक्षा र सरसफाइ रहेको उल्लेख गर्दै सिंहले पदयात्राका क्रममा यी विषयमा जनताका धारणा बुझ्ने बताए ।


## जनहितमा जारी सन्देश

(१) सबै पालिकाबासीले आफ्नो टोल, चौक, गल्ली, बाटोघाटोको सबै सार्वजनिक जग्गा, मठमन्दिर, पाटी पौवा, नदीनालाहरु र अन्य सार्वजनिक स्थलहरुको संरक्षण गरौं ।
(२) पालिकालाई बुझाउनुपर्ने करहरु (सम्पति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसाय कर लगायतका अन्य किसिमका कर तथा दस्तुरहरु) समयमै तिरौं ।
(३) पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीहरुले अनिवार्य रुपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा अनिवार्य रुपमा दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।
(४) व्यक्तिगत घटनाहरु (जन्म, विवाह, बसाइसराइ, सम्वन्ध विच्छेद र मृत्यू) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य रुपले दर्ता गरौं ।
(५) पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सवै पालिकावासीले सहयोग गरौं ।
(६) सभ्य र समृद्ध पालिका निर्माणमा सबेले हातेमालो गरेर अघि बढौं ।

**अनुरोधकर्ता**
**भंगहा नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**



## जनहितमा जारी सन्देश

(१) सबै पालिकाबासीले आफ्नो टोल, चौक, गल्ली, बाटोघाटोको सबै सार्वजनिक जग्गा, मठमन्दिर, पाटी पौवा, नदीनालाहरु र अन्य सार्वजनिक स्थलहरुको संरक्षण गरौं ।
(२) पालिकालाई बुझाउनुपर्ने करहरु (सम्पति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसाय कर लगायतका अन्य किसिमका कर तथा दस्तुरहरु) समयमै तिरौं ।
(३) पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीहरुले अनिवार्य रुपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा अनिवार्य रुपमा दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।
(४) व्यक्तिगत घटनाहरु (जन्म, विवाह, बसाइसराइ, सम्वन्ध विच्छेद र मृत्यू) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य रुपले दर्ता गरौं ।
(५) पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सवै पालिकावासीले सहयोग गरौं ।
(६) सभ्य र समृद्ध पालिका निर्माणमा सबेले हातेमालो गरेर अघि बढौं ।

**अनुरोधकर्ता**
**रामगोपालपुर नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**



## जनहितमा जारी सन्देश

(१) सबै पालिकाबासीले आफ्नो टोल, चौक, गल्ली, बाटोघाटोको सबै सार्वजनिक जग्गा, मठमन्दिर, पाटी पौवा, नदीनालाहरु र अन्य सार्वजनिक स्थलहरुको संरक्षण गरौं ।
(२) पालिकालाई बुझाउनुपर्ने करहरु (सम्पति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसाय कर लगायतका अन्य किसिमका कर तथा दस्तुरहरु) समयमै तिरौं ।
(३) पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीहरुले अनिवार्य रुपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा अनिवार्य रुपमा दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।
(४) व्यक्तिगत घटनाहरु (जन्म, विवाह, बसाइसराइ, सम्वन्ध विच्छेद र मृत्यू) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य रुपले दर्ता गरौं ।
(५) पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सवै पालिकावासीले सहयोग गरौं ।
(६) सभ्य र समृद्ध पालिका निर्माणमा सबेले हातेमालो गरेर अघि बढौं ।

**अनुरोधकर्ता**
**जलेश्वर नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**



## जनहितमा जारी सन्देश

(१) सबै पालिकाबासीले आफ्नो टोल, चौक, गल्ली, बाटोघाटोको सबै सार्वजनिक जग्गा, मठमन्दिर, पाटी पौवा, नदीनालाहरु र अन्य सार्वजनिक स्थलहरुको संरक्षण गरौं ।
(२) पालिकालाई बुझाउनुपर्ने करहरु (सम्पति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसाय कर लगायतका अन्य किसिमका कर तथा दस्तुरहरु) समयमै तिरौं ।
(३) पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीहरुले अनिवार्य रुपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा अनिवार्य रुपमा दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।
(४) व्यक्तिगत घटनाहरु (जन्म, विवाह, बसाइसराइ, सम्वन्ध विच्छेद र मृत्यू) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य रुपले दर्ता गरौं ।
(५) पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सवै पालिकावासीले सहयोग गरौं ।
(६) सभ्य र समृद्ध पालिका निर्माणमा सबेले हातेमालो गरेर अघि बढौं ।

**अनुरोधकर्ता**
**बलवा नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

# जयशंकरक शब्द-चयनक कूटनीतिक सन्देश: "'संविधान दिवस' नैइ, 'राष्ट्रिय दिवस'"



**-मुरली मनोहर मिश्र**

"शब्द छोट होइत अछि, मुदा कूटनीतिमे शब्दक अर्थ बहुत पैघ होइत अछि ।" १९ सेप्टेम्बर २०२६ क८ नेपाल संविधान दिवस तथा राष्ट्रिय दिवस मनौलक। राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री तथा विभिन्न राजनीतिक दलक शीर्ष नेतासभ संविधानक कार्यान्वयन, समावेशिता, सामाजिक न्याय, सुशासन आ राष्ट्रिय एकताक विषय उठौलनि। एहि अवसर पर भारतक विदेशमन्त्री डाॅ. एस. जयशंकर सेहो नेपाल सरकार आ नेपाली जनताकेँ शुभकामना देलनि। मुदा हुनकर सन्देशमे "ऋयलकतष्तगतषयल म्बथ" केर बदला "NepalÚs National Day" शब्द प्रयुक्त भेल ।

एहि शब्द-चयन पर प्रश्न उठब स्वाभाविक अछि जे की यी केवल भाषायी संक्षिप्तता छल, अथवा एकटा सोचल-समझल कूटनीतिक अभिव्यक्ति ? एहि प्रश्नक उत्तर अनुमानसँ नैइ, इतिहास, कूटनीतिक परम्परा आ वर्तमान सम्बन्धक सन्दर्भमे खोजल जाय ।

१. पहिल तथ्य–नेपालक लेल दुनू शब्द आधिकारिक अछि: १९ सेप्टेम्बर २०२६ केर समारोह नेपालमे Constitution Day and National Day केर रूपमे मनाओल गेल । नेपालक संविधान २० सेप्टेम्बर २०१५ मे जारी भेल छल आ एहि दिनकेँ संविधान दिवसक रूपमे मनाओल जाइत अछि । एहि अवसरकेँ राष्ट्रिय दिवस सेहो कहल जाइत अछि । एहि कारण जयशंकरक "National Day" प्रयोग तकनीकी रूपसँ गलत नैइ अछि । बल्कि २०१६ मे नेपाल सरकार स्वयं २० सेप्टेम्बरकेँ राष्ट्रिय दिवस घोषित क८ विदेशस्थित नेपाली नियोगसभकेँ एहि दिन राष्ट्रिय दिवस मनाबय लेल निर्देशन देने छल। तँ पहिल निष्कर्ष स्पष्ट अछि– "National Day" कहलासँ जयशंकर नेपालक आधिकारिक दिवसक गलत नाम नैइ देलनि । मुदा प्रश्न एतबे नैइ अछि । प्रश्न यी अछि जे–कूटनीतिक सन्देशमे उपलब्ध दुनू विकल्पमे "National Day" किएक चुनल गेल ?

२. कूटनीतिमे 'ConstitutionÚ आ 'National'–दुनूक अर्थ अलग: "Constitution Day" कहलासँ ध्यान नेपालक संविधान, संवैधानिक व्यवस्था आ २०१५ केर राजनीतिक संक्रमण दिस जाइत अछि । मुदा "National Day" अपेक्षाकृत व्यापक शब्द अछि । एहिमे–

* राष्ट्र,
* नेपाली जनता,
* राष्ट्रिय एकता,
* सार्वभौमिकता,
* राष्ट्रिय गौरव,
* नेपाल-भारत मैत्री,

जेकाँ व्यापक भाव समाहित भ८ जाइत अछि । विदेशमन्त्रीक दृष्टिसँ "National Day" अपेक्षाकृत तटस्थ आ सर्वसमावेशी कूटनीतिक अभिव्यक्ति भ८ सकैत अछि। एहि शब्दसँ भारत नेपालक संविधानक कोनो विशेष प्रावधान, संशोधन, राजनीतिक पक्ष वा संवैधानिक विवाद पर सार्वजनिक टिप्पणी करैत नैइ देखाइत अछि ।

तँ एकटा सम्भावित व्याख्या यी भ८ सकैत अछि जे जयशंकर नेपालक आन्तरिक संवैधानिक विमर्शमे प्रत्यक्ष पक्षधरता देखाबैसँ बचैत सम्पूर्ण नेपाली राष्ट्रकेँ सम्बोधित करबाक भाषा चुनलनि। यी व्याख्या सम्भावना अछि–प्रमाणित कारण नैइ ।

३. मुदा जयशंकर आ २०१५ केर इतिहास–यी संयोग मात्र मानि देब पर्याप्त नैइ : एहि शब्द-चयनकेँ बुझबाक लेल २०१५ केर पृष्ठभूमि अत्यन्त महत्वपूर्ण अछि। नेपालक संविधान जारी होएबाक ठीक पहिने–१८-१९ सेप्टेम्बर २०१५–तत्कालीन भारतीय विदेश सचिव एस. जयशंकर प्रधानमन्त्री नरेन्द्र मोदीक विशेष दूतक रूपमे काठमाडौं अयल छलाह । भारतीय विदेश मन्त्रालयक तत्कालीन अभिलेख अनुसार भारत संविधान निर्माणक समर्थक छल, मुदा भारतक आग्रह छल जे संविधानकेँ व्यापक स्वीकार्यता भेटय आ सभ पक्षबीच पर्याप्त लचीलापन देखाओल जाय । जयशंकर सेहो सार्वजनिक रूपमे कहलनि छलाह जे संविधान व्यापक स्वीकार्यतासहित टिकाउ होयबाक चाही । ओहि समय मधेशी आ थारू समुदाय सहित विभिन्न समूह संविधानक प्रस्तावित व्यवस्थासँ असन्तुष्ट छल । संविधान जारी भेलाक बाद नेपाल-भारत सम्बन्धमे तनाव बढ़ल आ सीमा अवरोधक घटनाक्रम नेपालक सामूहिक स्मृतिमे गहिर प्रभाव छोड़लक । २०२६ मे प्रकाशित एकटा काठमाण्डू पोस्ट विश्लेषण सेहो जयशंकरक २०१५ केर विशेष दूतक भूमिकाकेँ एहि दीर्घकालीन स्मृतिक सन्दर्भमे प्रस्तुत करैत अछि । एहि ऐतिहासिक पृष्ठभूमिमे आइ जयशंकरक "Constitution Day"क बदला "National Day" शब्द चुनब नेपाली राजनीतिक पर्यवेक्षक लेल स्वाभाविक रूपसँ ध्यानाकर्षणक विषय बनैत अछि । मुदा– इतिहासक समानता प्रमाण नैइ होइत अछि ।

२०१५ केर भूमिका आ २०२६ केर शब्द-चयनक बीच प्रत्यक्ष सम्बन्ध अछि, एहन निष्कर्ष निकालबाक लेल भारतक आधिकारिक स्पष्टीकरण आवश्यक अछि । ४. मधेश प्रश्नक सन्दर्भमे शब्दक संवेदनशीलता: नेपालक संविधानक चर्चा मधेश प्रश्न बिना अधूरा रहि जाइत अछि । २०१५ मे संविधान जारी होइत समय मधेश-आधारित राजनीतिक दलसभक प्रमुख माग छल–

क) राजनीतिक प्रतिनिधित्व,
ख) निर्वाचन क्षेत्र निर्धारण,
ग) समानुपातिक समावेशिता,
घ) संघीय सीमांकन,
ङ) नागरिकता सम्बन्धी प्रश्न,

राज्य संरचनामे मधेशी समुदायकेँ न्यायपूर्ण सहभागिता । भारतक विदेश मन्त्रालयक २०१५-१६ केर वार्षिक प्रतिवेदनमे सेहो मधेशी दलसभक नेतासभसँ भारतमे भेल भेटघाटक उल्लेख अछि । २३ जनवरी २०१६ मे नेपाल संसद समानुपातिक समावेशिता आ निर्वाचन क्षेत्र निर्धारणसँ सम्बन्धित दू संवैधानिक संशोधन पारित केलक, जाहि पर भारत सकारात्मक विकासक रूपमे प्रतिक्रिया देने छल । तँ आइ "Constitution Day" शब्द प्रयोग करब केवल एकटा औपचारिक शुभकामना नैइ रहैत; एकर पृष्ठभूमिमे २०१५ केर समावेशिता, मधेश, संविधानक स्वीकार्यता आ संशोधनक प्रश्न सेहो स्वतः आबि जाइत अछि। "National Day" एहि सम्पूर्ण विवादक बदला राष्ट्र आ जनताकेँ केन्द्रमे राखैत अछि । यी कूटनीतिक दृष्टिसँ बुझबाक योग्य अन्तर अछि । ५. जनकपुरधामक दृष्टिसँ विषय आरो महत्वपूर्ण: नेपाल-भारत सम्बन्धकेँ केवल काठमाडौं-दिल्लीक राजनीतिक सम्बन्धमे सीमित क८ देब अधूरा दृष्टिकोण होयत । जनकपुरधाम-अयोध्या सम्बन्ध नेपाल-भारत सम्बन्धक सर्वाधिक गहिर सांस्कृतिक आधारमे सँ एक अछि । जनकपुरधाम माता जानकीक जन्मभूमि आ अयोध्या भगवान् रामक जन्मभूमि मानल जाइत अछि। विवाहपञ्चमी, रामायण परम्परा, धार्मिक पर्यटन, तीर्थयात्री आवागमन आ सीमापारक पारिवारिक-सांस्कृतिक सम्बन्ध दुनू देशक जनताकेँ राज्य-स्तरीय सम्बन्धसँ बहुत पहिने सँ जोड़ैत आएल अछि । एहि कारण नेपालक राष्ट्रिय दिवसक अवसर पर भारतक सन्देशमे नेपालक जनताकेँ सम्बोधन विशेष अर्थ रखैत अछि ।

राजनीतिक सम्बन्धमे उतार-चढ़ाव आबि सकैत अछि, सरकार बदलि सकैत अछि, कूटनीतिक प्राथमिकता बदलि सकैत अछि; मुदा जनकपुरधाम-अयोध्या जेकाँ सभ्यतागत सम्बन्ध राजनीतिक सीमासँ बहुत पैघ अछि । भारतक आधिकारिक नेपालसम्बन्धी विवरण सेहो नेपाल-भारत सम्बन्धकेँ साझा विरासत, सभ्यता, संस्कृति आ जनस्तरीय सम्बन्धमे आधारित "special and unique relationship" केर रूपमे वर्णन करैत अछि ।

६. खुला सीमा–सम्बन्धक शक्ति सेहो, चुनौती सेहो: नेपाल-भारत खुला सीमा दुनू देशक सम्बन्धक विशिष्ट विशेषता अछि। खुला सीमासँ–

क) रोजगारी,
ख) व्यापार,
ग) शिक्षा,
घ) स्वास्थ्य,
ङ) विवाह,
च) तीर्थयात्रा,
छ) सांस्कृतिक आदान-प्रदान

जेहन हजारौँ जनस्तरीय सम्बन्ध सम्भव भेल अछि । मुदा एहि सीमासँ सुरक्षा, तस्करी, मानव बेचबिखन, अपराध, अवैध व्यापार आ सीमा व्यवस्थापन जस्ता चुनौती सेहो उत्पन्न होइत अछि । एहि कारण भारतक नेपाल सम्बन्धमे "ल्बतष्यलर्बा म्बथ" जेकाँ व्यापक शब्दक पाछाँ केवल राजनीतिक संकेत खोजबाक बदला जनस्तरक सम्बन्ध, सीमा-सहयोग आ साझा हितक निरन्तरता सेहो देखबाक चाही । ७. २०१५ केर घाव आ २०२६ केर नयाँ सम्भावना: नेपाल-भारत सम्बन्धमे २०१५ एकटा कठिन अध्याय रहल । मुदा कूटनीति इतिहासक घावकेँ स्थायी शत्रुतामे बदलबाक प्रक्रिया नैइ, बल्कि कठिन अध्यायसभक बाद सम्बन्धकेँ नयाँ आधार देबाक प्रक्रिया सेहो अछि । २०२६ मे जयशंकरक सन्देशमे नेपालक राष्ट्रिय दिवसक शुभकामना देबाक संग हालक बाढी-पहिरोसँ प्रभावित नेपालक उद्धार आ राहत प्रयासक समर्थनक उल्लेख सेहो भेल । अर्थात् सन्देशमे संवैधानिक बहसक बदला राष्ट्र, जनता, मानवीय सहयोग आ द्विपक्षीय सम्बन्धकेँ प्राथमिकता देल गेल देखाइत अछि ।

एहि दृष्टिसँ "National Day"केँ सम्बन्ध पुनर्संयोजनक एकटा कूटनीतिक भाषा सेहो मानल जा सकैत अछि । ८. मुदा नेपालक लेल आत्मसमीक्षा आवश्यक अछि :

एहि बहसक सबसँ महत्वपूर्ण पक्ष यी अछि जे नेपालकेँ अपन संविधानक वास्तविक अवस्था पर सेहो विचार करबाक चाही । २०२६ केर संविधान दिवस पर नेपालक राष्ट्रपति संविधानक भावना, सामाजिक न्याय आ सुशासनक आवश्यकता पर जोर देलनि। प्रधानमन्त्री सेहो चेतावनी देलनि जे संविधानकेँ कार्यान्वयन करनिहारमे इमानदारी आ प्रतिबद्धता नैइ रहल तँ मजबूत संविधान सेहो "कागजक टुकड़ा" बनि सकैत अछि । एहि सन्दर्भमे विदेशी मन्त्री संविधान दिवस कहलनि कि राष्ट्रिय दिवस–यी दोसर प्रश्न अछि । पहिल प्रश्न यी अछि जे नेपाल स्वयं संविधानक मर्मकेँ कतेक व्यवहारमे उतारि रहल अछि ? यदि संविधानमे लिखल– समावेशिता, समानता, सामाजिक न्याय, संघीयता, नागरिक अधिकार, सुशासन आ नागरिक सर्वोच्चता जनजीवनमे अनुभूत नैइ होय, तँ केवल "संविधान दिवस" नाम दोहराबैसँ संविधानक प्रतिष्ठा मजबूत नैइ होयत ।

९. मधेश लेल संविधानक अर्थ–केवल समारोह नैइ, व्यवहार: विशेषतः मधेश आ जनकपुरधामक सन्दर्भमे संविधानक मूल्यांकन भाषणसँ नैइ, व्यवहारसँ होयबाक चाही । प्रश्न यी होयबाक चाही जे – क) की राज्यक प्रत्येक नागरिककेँ समान अवसर भेटि रहल अछि ? ख) की संघीयता वास्तवमे अधिकारक विकेन्द्रीकरण क८ रहल अछि ? ग) की समावेशिता केवल राजनीतिक भाषणमे अछि कि राज्यक संरचनामे सेहो ? घ) की सीमा क्षेत्रक नागरिककेँ राष्ट्रिय विकासमे समान प्राथमिकता भेटैत अछि ? ङ) की जनकपुरधाम जेकाँ ऐतिहासिक-धार्मिक शहरक सांस्कृतिक सम्भावनाक राष्ट्रिय नीति पर्याप्त सम्मान करैत अछि ? एहि प्रश्नसभक उत्तर खोजब संविधान दिवसक वास्तविक आत्मसमीक्षा होयत । १०. 'जयशंकरक शब्द' सँ बेसी महत्वपूर्ण 'नेपालक कर्म': अन्ततः यी विषय एकटा व्यापक राष्ट्रिय विमर्श दिस संकेत करैत अछि । भारतक विदेशमन्त्री "ऋयलकतष्तगतषयल म्बथ" कहलनि वा "National Day" यी हुनकर कूटनीतिक शब्द-चयन अछि । मुदा नेपालक संविधानक सम्मानक वास्तविक परीक्षा भारतक शब्दमे नैइ, नेपालक अपने संस्थागत व्यवहारमे अछि। नेपाल अपन संविधानक सम्मान तखन करैत अछि जखन– क) नागरिक अधिकार व्यवहारमे सुरक्षित होय,
ख) राज्य निष्पक्ष होय,
ग) कानून समान रूपसँ लागू होय,
घ) भ्रष्टाचारमुक्त प्रशासनतर्फ वास्तविक प्रगति होय,
ङ) मधेश, पहाड़ आ हिमालक नागरिकबीच समान नागरिकताको अनुभूति होय,
च) संघीय संरचना प्रभावकारी होय,
छ) स्थानीय सरकार जवाबदेह होय,
ज) ऐतिहासिक सम्पदा आ धार्मिक-सांस्कृतिक धरोहर सुरक्षित होय,
झ) आ संविधानमे लिखल सामाजिक न्याय जनजीवनमे देखाइ दे ।

११. निष्कर्षतः एस. जयशंकर द्वारा "Constitution Day" केर स्थान पर "National Day" शब्दक प्रयोग निश्चय रूपसँ ध्यानयोग्य अछि । मुदा उपलब्ध प्रमाणक आधार पर एकरा भारत द्वारा नेपालक संविधानप्रति अस्वीकार, विरोध वा असम्मानक निश्चित प्रमाण मानब उचित नैइ होएत। बरु तीनटा तहमे एकर विश्लेषण कएल जा सकैत अछि– ८ पहिल–कानूनी/ औपचारिक तह: "National Day" स्वयं नेपालक आधिकारिक प्रयोगमे रहल अछि । ८ दोसर–कूटनीतिक तह: "National Day" एकटा व्यापक आ तुलनात्मक रूपसँ तटस्थ अभिव्यक्ति अछि, जाहिसँ भारत नेपालक आन्तरिक संवैधानिक बहसमे प्रत्यक्ष पक्षधरता देखाबैसँ बचि सकैत अछि । ८ तेसर–ऐतिहासिक तह: २०१५ केर संविधान, मधेश आन्दोलन, जयशंकरक तत्कालीन विशेष दूतक भूमिका आ नेपाल-भारत सम्बन्धमे उत्पन्न तनावक कारण एहि शब्दक चयन स्वाभाविक रूपसँ अतिरिक्त राजनीतिक अर्थ ग्रहण क८ सकैत अछि । मुदा प्रत्यक्ष कारण सिद्ध करबाक लेल आधिकारिक प्रमाण आवश्यक अछि । तँ एहि विषय पर भावनात्मक निष्कर्षसँ बेसी विवेकपूर्ण प्रश्न यी होयत– "भारतक विदेशमन्त्री संविधान दिवस नैइ कहलनि–एकर अर्थ की ?" सँ बेसी महत्वपूर्ण प्रश्न यी अछि जे– "नेपाल अपन संविधानक मर्म–समावेशिता, सामाजिक न्याय, संघीयता, नागरिक अधिकार आ सुशासन–केँ व्यवहारमे कतेक उतारि रहल अछि ?" आ नेपाल-भारत सम्बन्धक सन्दर्भमे आरो गहिर प्रश्न अछि– "काठमाडौं-दिल्लीक कूटनीतिक सम्बन्धसँ आगाँ बढ़ि जनकपुरधाम-अयोध्या जेकाँ साझा सभ्यतागत सम्बन्धकेँ की दुनू देश अपन दीर्घकालीन सम्बन्धक आधार बना सकैत अछि ?" यही दृष्टिकोणसँ "राष्ट्रिय दिवस" शब्दक अर्थ केवल कूटनीतिक शब्द नैइ, बल्कि राष्ट्र, जनता, सार्वभौमिकता आ साझा सभ्यतागत सम्बन्धक व्यापक सन्देश सेहो भ८ सकैत अछि ।

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday